# राष्ट्रिय सूचना आयोगको स्थापना दिवस सम्बन्धी प्रेस विज्ञप्ती

राष्ट्रिय सूचना आयोग १४ बर्ष पूरा गरी १५ औं बर्षमा प्रवेश गरेको अवसरमा आयोजित स्थापना दिवस कार्यक्रममा सम्माननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उपराष्ट्रपति निवासमा आयोजित उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले गर्नुभएको थियो भने कार्यक्रममा सूचना आयुक्त द्वय कमला ओली थापा र रत्न प्रसाद मैनाली, आयोगका सचिव भागिरथ पाण्डे, नेपाल सरकार सचिवज्यूहरु, सूचना अधिकारीहरु, बरिष्ठ सञ्चारकर्मी, सूचनाको हकका अभियन्ताहरु लगायत आयोगका कर्मचारीहरुको सहभागीता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यूबाट कार्यक्रममा सहभागी सबैलाई स्वागत गर्नुका साथै पुरस्कृत कर्मचारी, सूचना अधिकारी र अभियन्ताहरुलाई बधाई दिनुभयो । सूचनाको सहजताबाट मात्र समृद्धि हासिल हुने, राज्यले जबसम्म सूना दिन आनकानी गर्छ तब सम्म राज्य समुन्नत हुन नसक्ने, लोकतन्त्र फस्टाउनका लागि पनि सूचना आवश्यक रहनुका साथै लोकतन्त्रमा जनता नै शक्तिशाली हुने हुँदा सूचनाको हकले अझ बढी सहयोग गर्नुका साथै राज्यका विभिन्न निकायले लुकाएर राखेका सूचनाहरु बाहिर ल्याउन अभियन्ताहरुको ठूलो भूमिका रहेको बताउनुभयो । आयोगको १४ बर्षसम्मको अथक परिश्रमका माध्यमबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा अनवरत सक्रियताले आज १५ बर्षमा प्रवेश गरिरहँदा आयोग स्थापना दिवसको हार्दिक शुभकामना समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचना आयोग स्थापना भएको आज १४ वर्ष पुगी १५ औं वर्षमा प्रवेश गरेको अवसरमा उपस्थित सबैमा र सम्पुर्ण नेपालीहरुमा आयोगकोतर्फवाट हार्दिक शुभकामना व्यक्त गर्नुभयो । जनआन्दोलन पश्चात पुनर्स्थापित संसद तथा सरकारले जनआन्दोलनको भावना अनुरुप नागरिकलाई बलियो बनाउन र नागरिक अनुगमनको आवश्यकतालाई महसुस गरेर अन्तरिम संविधानमा अनि त्यसलाई कार्यन्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४ मा ल्याई २०६५ यस आयोगको स्थापना भएको हो । शुसासन, जवाफदेहिता, पारदर्शिता, सहभागिताका लागि सूचनाको हकले संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिकको अधिकार स्थापित गर्न विश्वका १३० भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेर कार्यन्वयनमा रहेको बताउनुभयो । त्यसैगरी सेप्टेम्बर २८ सूचनामा विश्वव्यापी पहुंच सम्वन्धी अन्तरराष्ट्रिय दिवसका रुपमा मनाउने गरिएको, UN Human Rights Declaration Article 19, मा सूचनामा पहुँचलाई मानव अधिकारका रुपमा मन्यता दिइएको Transparency International को सन् २०१९ र २०२१ को प्रतिवेदनमा सूचनामा पहुँचबाट मात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिने सुझाव दिइएको र दिगो विकास लक्ष्ममा सूचनामा पहुँच सम्बन्धी सूचनाको १६.१०.२ को कार्यान्वयनबाट दिगो विकास लक्ष्य प्राप्तिमा सघाउन पुग्नेहुँदा सूचनाको हकको कार्यान्वयन गर्नुपर्ने दायित्व हामी सबैको रहेको बिचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेयले आयोग गठन भएको १४ वर्ष पूरा भई १५ वर्षमा प्रवेश गरेको शुभ दिनको अवसरमा सभाहलमा उपस्थित सम्पूर्ण महानुभावहरुमा राष्ट्रिय सूचना आयोगको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्नुभयो । साथै नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुनाले सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै

नागरिकको सशक्तीकरणबाट सुशासनको प्रबर्द्धन र लोकतन्त्रको सुदृढीकरण भई समृद्धि हासिल हुन जाने कुरा बताउनुभयो ।

कार्यक्रममा पुरस्कृत अभियन्ताको तर्फबाट मन्तव्य राख्दै उम्मिद प्रसाद वागचन्दले सूचनादाताको संरक्षण सम्बन्धी कानूनको साथै अभियन्ताहरुको संरक्षण सम्बन्धी कानूनको पनि व्यवस्था हुनुपर्ने, सूचनाको हकलाई प्रत्याभूत गर्नको लागि सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालमार्फत विस्तार गरी यसले महासंघको रुपमा आफ्नो कार्य अगाडी बढाउँदै लगेको छ । सूचनाको हकका अभियन्ताहरु सूचना अधिकारीहरुको टाउको दुखाईको विषय नभएको र राज्यले गर्ने प्रत्येक काम कारवाहीलाई पारदर्शी, जवाफदेही बनाई सही सूचना सम्प्रेषण गर्न सघाउ पुऱ्याउनु प्रमुख उद्देश्य रहेको बताउनुभयो ।
कार्यक्रममा आयोगमा रही उत्कृष्ट कार्यसम्पादन गरेबापत उप सचिव विश्वबन्धु पौडेल, शाखा अधिकृत डिल्ली राम भट्ट र नायव सुव्वा हेमन्त रिज्याललाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिएको थियो । त्यसैगरी सूचना प्रवाहको क्षेत्रमा उत्कृट योगदान गरेबापत उत्कृष्ट सूचना अधिकारी पुरस्कार बाट कमलामाई नगरपालिका सिन्धुलीका सूचना अधिकारी ई. निर्मल लामा, जिल्ला समन्वय समिति बागलुङका ना.सु दुर्गा प्रसाद शर्मा, यातायात व्यवस्था सेवा कार्यालय, हेटौडाका अधिकृत छैटौ राजु अर्याल, चौदण्डीगढी नगरपालिका उदयपुरका अधिकृत छैटौं सत्य नारायण हजदार र व्यास नगरपालिका दमौली तनहुँका बरिष्ट अधिकृत गोकर्णराज वाग्ले पुरस्कृत हुनुभएको थियो । सूचनाको हकको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने सूचनाको हकका अभियन्ताहरुलाई बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट सुदुरपश्चिम प्रदेशबाट उमीद प्रसाद बागचन्द, गण्डकी प्रदेशबाट दुर्गा आचार्य, मधेश प्रदेशबाट कैलाश माझी र बागमती प्रदेशबाट मनोज रौनियार लगायत पुरस्कृत हनुभएको थियो । सम्माननीय उपराष्ट्रपतीज्यूबाट पुरस्कृतहरुलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता

मिति : २०७९ बैशाख २२ गते बिहिबार ।